श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय प्रवन्ध मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्रवीर विक्रम शाहदेवको शासन कालको छैठौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन, सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ ।

## २०१७ सालको ऐन नं. २१

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इन-चीफ श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

## ऋणपत्रहरू निष्कासित गरी राष्ट्र ऋण उठाउने व्यवस्था गर्नको निमित्त बनेको ऐन

प्रस्तावनाः– बचतलाई प्रोत्साहन दिई मुलुकको आर्थिक विकास र प्रगतिमा मद्दत पुऱ्याउन ऋण-पत्रहरू निष्कासित गरी राष्ट्र ऋण उठाउने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवका शासनकालको छैठौं वर्षमा संसदले यो ऐन बनाएको छ–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो ऐनको नाम राष्ट्र ऋण ऐन, २०१७ रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो ऐनमाः

(क) "राष्ट्र ऋण" भन्नाले यो ऐन अन्तर्गत श्री ५ को सरकारले उठाएको ऋण सम्झनु पर्छ ।

(ख) "ऋणपत्र" भन्नाले दफा ३ बमोजिमको ऋणपत्र सम्झनु पर्छ ।

(ग) "ऋणदाता" भन्नाले ऋणपत्र खरीद गरिलिने व्यक्ति सम्झनु पर्छ र यो शब्दले दफा ७ बमोजिम कुनै सरकारी अफिस वा गैर सरकारी संस्था वा संगठन वा गुठीको तर्फबाट ऋणदाताको हैसियतले काम गर्न अधिकार पाएको अधिकारी वा व्यक्तिलाईसमेत जनाउँछ ।

६७४६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "धनी" भन्नाले ऋणदाता, निजबाट यस ऐन बमोजिम रीतपूर्वक नामसारी गरी वा अन्य कुनै प्रकारले हक प्राप्त गरेको व्यक्ति र ऋणपत्र वाहकलाईसमेत जनाउँछ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

३. ऋणपत्र निष्कासित गरी राष्ट्रऋण उठाउने अधिकारः– (१) यो ऐन प्रारम्भ भएपछि समय समयमा जारी भएको ऐनले अधिकार दिएको हदमा नबढाई कुनै आर्थिक वर्षमा श्री ५ को सरकारले एकैपटक वा पटक पटक देहायमा लेखिएको कुनै एक वा बढी प्रकारको ऋणपत्र निष्कासित गरी राष्ट्र ऋण उठाउन सक्नेछः–

(क) स्टक अर्थात् नेपाल राष्ट्र बैंकको खातामा दर्ता रहने र दर्ता गराई नामसारी गर्नु पर्ने ऋणपत्र,

(ख) प्रोमिसरी नोट र ट्रेजरी बिल अर्थात् दरपीठ गरी नामसारी गर्न सकिने ऋणपत्र,

(ग) व्यरर वण्ड अर्थात् ऋणको प्रमाणपत्र लिई आउनेलाई भुक्तानी दिनु पर्ने ऋणपत्र,

(घ) प्राइज वण्ड अर्थात् वाहकले व्याजको रकम मध्ये सबै वा केही चिट्ठा-द्वारा तोकिए बमोजिम पाउने ऋणपत्र,

(ङ) श्री ५ को सरकारले यो ऐन अन्तर्गत तोकिएको ढांचा र तरीकामा निष्कासित गरेको अन्य जुनसुकै ऋणपत्रहरू ।

(२) निष्कासित गरिने भएको ऋणपत्रमा सांवा तथा व्याजको भुक्तानी अवधि र व्याजको दर श्री ५ को सरकारले तोक्नेछ ।

४. ऋणपत्र बमोजिमको सांवा र ब्याजको भुक्तानीः– प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए ता पनि स्टकको हकमा नेपाल राष्ट्र बैंकको खातामा ऋणपत्र जसको नाममा दर्ता छ निज धनिलाई , प्रोमिसरी नोट र ट्रेजरी बिलका हकमा त्यस्ता ऋणपत्रको धनी वा निज बाट दरपीठद्वारा नामसारी भएको अन्तिम व्यक्तिलाई, र व्यरर वण्डका हकमा ऋणको प्रमाणपत्र वाहकलाई ऋणपत्रको सांवा र व्याज भुक्तानी दिइनेछ । प्राइज वण्डको सांवा वाहकले भुक्तानी पाउनेछ र व्याजको हकमा तोकिए बमोजिम हुनेछ ।

५. राष्ट्र ऋणको कार्य सम्पादनः– नेपाल राष्ट्र बैंकले राष्ट्र ऋण सम्बन्धी काम सम्पादन गर्दा चाहिने खाताहरू राखी तोकिएको समय समयमा श्री ५ को सरकारबाट स्वीकृत ढांचामा राष्ट्र ऋणको आर्थिक स्थिति बारेको रिपोर्ट श्री ५ को सरकारमा पेश गर्नेछ र समय समयमा आवश्यक सम्झेको सुझावसमेत श्री ५ को सरकारमा पेश गर्न सक्नेछ ।

686

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. नामसारी गर्नेः–(१) नेपाल राष्ट्र बैंकले स्टकको हकमा धनीको लिखित निवेदनमा ऋण-पत्रको सांवा ब्याज उपभोग गर्ने हक प्राप्त गर्ने गरी नामसारी गरिदिन सक्नेछ ।

(२) प्रोमिसरी नोट र ट्रेजरी बिलका हकमा धनीले दरपीठ गरिदिएको व्यक्तिलाई नेपाल राष्ट्र बैंकले नामसारी भएको धनी मान्नेछ ।

(३) उपदफा (१) र (२) मा लेखिए बमोजिमको नामसारीमा अन्य नेपाल कानूनले हक अधिकार राख्ने अन्य व्यक्ति भए पनि नेपाल राष्ट्र बैंकले ऋणदाता वा धनिको उक्त लिखित बमोजिम नामसारी गर्नेछ वा नामसारी भएको मान्नेछ ।

७. सरकारी अफिस वा गैर सरकारी संस्था, संगठन गुठीले खरीद गरेको ऋणपत्रः– (१) श्री ५ को सरकारको कुनै सामान्य वा विशेष अनुमतिबाट कुनै सरकारी अफिसले ऋणपत्र खरीद गर्न सक्नेछ । सो बमोजिम स्टक खरीद गरेकोमा त्यस्तो ऋणपत्र सो अफिसको नाममा रहनेछ र त्यस्तो ऋणपत्रको सम्बन्धमा धनीको हैसियतले गर्नु पर्ने लेनदेनसमेत सबै कार्य त्यस्ता अफिसको यस्तो काम गर्न नेपाल कानून वा श्री ५ को सरकारले आदेशद्वारा अधिकार प्राप्त अधिकारीले गर्नेछ ।

(२) कानूनी मान्यता प्राप्त कुनै संस्था वा संगठन वा गुठीले स्टक खरीद गरेमा त्यस्तो ऋणपत्र सो संस्था वा संगठन वा गुठीको नाममा हुनेछ र सो ऋणपत्रको सम्बन्धमा धनीको हैसियतले गर्नु पर्ने लेनदेन समेत सबै काम त्यस्तो संस्था वा संगठन वा गुठीका संचा-लन गर्न अधिकार प्राप्त समिति वा व्यक्तिले गर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम धनीको हैसियतले काम गर्ने अधिकार भएका व्यक्तिको पद र नाम त्यसले ऋणपत्र खरीद गर्दा सूचित गर्नु पर्छ । त्यस्तो व्यक्ति कुनै कारणले नरहेमा वा बदल्नु परेमा निजको बदला त्यस्तो काम गर्न अधिकार प्राप्त गरेका व्यक्तिको नाम उपदफा (१) बमोजिमको अफिसले वा उपदफा (२) बमोजिमको समिति वा व्यक्तिले नेपाल राष्ट्र बैंकमा लिखित सूचनाद्वारा पठाउनु पर्छ सो बमोजिम लेखिआए-कोमा नेपाल राष्ट्र बैंकले आफ्नो खातामा सूचनाको व्यहोरा जनाई पुरानो नाम खारेज गरी नयां नाम दर्ता गर्नु पर्छ ।

(४) कानूनी मान्यता प्राप्त नभएको कुनै संस्था वा संगठन वा गुठीले कुनै स्टक खरीद गर्नेमा सो संस्था वा संगठन वा गुठीका सदस्यहरूले नेपाल राष्ट्र बैंकको स्वीकृति ली आफ्नो आपसका शर्त नेपाल राष्ट्र बैंकमा दर्ता गराई कुनै एक व्यक्तिको नामबाट त्यस्तो ऋण-पत्र खरीद गर्न सक्नेछ । त्यसरी आपसको शर्त दर्ता गराएको रहेछ भने यस ऐनको अरू दफामा जुनसुकै कुरा लेखिए पनि नेपाल राष्ट्र बैंकले सोही शर्त बमोजिम कारवाई गर्नेछ ।

(५) कुनै सरकारी अफिस वा कानूनी मान्यता प्राप्त संस्था वा संगठन वा गुठीको नाममा कुनै स्टक रहेकोमा सो अफिस वा संस्था वा संगठन वा गुठी अरू कुनै अफिस

1085
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा संस्था वा संगठन वा गुठीसंग गाभिएमा वा खारेज वा विघटन भएमा त्यस्तो ऋणपत्रको ब्याज वा सांवा लिने अवधि अगावै ऋणपत्रको हकदारले आफ्नो हकको प्रमाणसहितको लिखित सूचना नेपाल राष्ट्र बैंकलाई दिई आफ्नो नाममा नामसारी गराउनु पर्छ ।

८. धनीको मृत्यु भएमा गर्नेः– (१) कुनै स्टक वा प्रोमिसरी नोट वा ट्रेजरी बिलको धनीको मृत्यु भएमा निजको इच्छापत्र बमोजिमको व्यक्ति धनी मानिनेछ । इच्छापत्र नभएमा प्रचलित नेपाल कानून बमोजिम मृत व्यक्तिको हकवाला त्यस ऋणपत्रको धनी हुनेछ ।

(२) कुनै स्टक वा प्रोमिसरी नोट वा ट्रेजरी बिल दुई वा दुईभन्दा बढी व्यक्ति-हरूले संयुक्त रूपले खरीद गरी राखेको भएमा तिनीहरू मध्ये कसैको वा जम्मैको मृत्यु भएमा मृतकको हिस्सामा आउने सो ऋणपत्रको सांवा ब्याजको अधिकार मृत व्यक्तिको इच्छापत्र भए सो बमोजिम र नभए मृतकको हकवाला धनी हुनेछ ।

९. स्टकको धनीको सम्बन्धमा शंका उत्पन्न भएमा वा भुक्तानी नलिएमा गर्नेः– (१) स्टकको धनी बारे शंका वा झगडा उत्पन्न भएमा वा सांवा भुक्तानी मिति गुज्रेको १८० दिन बितेर पनि ऋणपत्रको सांवा ब्याजको भुक्तानी नलिएमा नेपाल राष्ट्र बैंकले आफ्नो कुनै अफिसर-द्वारा आवश्यक जांचबूझ गर्न तथा आवश्यक व्यक्तिको बयान लिनसमेत लगाई धनी मनोनीत गर्न सक्नेछ ।

(२) यस दफा अन्तर्गत नेपाल राष्ट्र बैंकले धनि मनोनीत गर्नको निमित्त जांच-बूझ गर्नु पर्दा नेपाल गजेटमा सूचना प्रकाशित गर्नेछ तथा दर्तावाला व्यक्तिको ठेगानामा लिखित सूचना पठाउने छ । यसरी नेपाल गजेटमा प्रकाशित भएको वा सूचना पठाएको जुन पछिल्लो मिति हुन्छ सो मितिले १८० दिन बितेपछि सबै हकदारले सूचना पाएको मानिनेछ ।

(३) स्टकको धनी मनोनीत गर्ने विषय कुनै निर्णय गर्नु पर्दा सम्बन्धित व्यक्ति वा संस्थाको बयानको जरूरत परेमा सम्बन्धित जिल्लाका बडाहाकिम वा मेजिष्ट्रेटलाई सम्बन्धित व्यक्ति वा संस्थाको बयान लिई सो बयान नेपाल राष्ट्र बैंकमा पठाउन नेपाल राष्ट्र बैंकले अनुरोध गर्न सक्नेछ र सम्बन्धित जिल्लाका बडाहाकिम वा मेजिष्ट्रेटले तदनुसार गर्नु पर्नेछ ।

(४) बडाहाकिम, मेजिष्ट्रेट वा नेपाल राष्ट्र बैंकको अफिसरले यो दफा अन्तर्गत बयान लिंदा बयान दिने व्यक्ति वा साक्षीलाई शपथ ग्रहण गराउन सक्नेछ ।

(५) स्टकको धनीको मनोनयन बारे नेपाल राष्ट्र बैंकले आफ्नो अन्तिम निर्णय र आदेश दिन अगाडि नै अदालतबाट त्यस ऋणपत्र बारे नेपाल राष्ट्र बैंकले गरिरहेको कार-वाई स्थगित गर्ने वा अरू केही गर्ने आदेश आएमा सोही आदेशानुसार नेपाल राष्ट्र बैंकले गर्नेछ ।

(६) यस दफा अन्तर्गत नेपालराष्ट्र बैंकले मनोनीत गरेको धनीको नाम नेपाल गजेटमासमेत प्रकाशित गर्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. स्टकको धनी नाबालक वा बहुलाएको भएमाः– स्टकको धनी नाबालक वा बहुलाएको व्यक्ति भएमा यस्तो अवस्था रहेसम्म नेपाल राष्ट्र बैंकले संरक्षकधनी मनोनीत गर्न सक्नेछ।

११. श्री ५ को सरकार वा नेपाल राष्ट्र बैंकको दायित्व नरहनेः–(१)यस ऐन अन्तर्गत नेपाल राष्ट्र बैंकले धनीको मनोनयन गरिसकेपछि सो मनोनयन बारे कुनै अदालतमा श्री ५ को सरकार वा नेपाल राष्ट्र बैंकको विरुद्ध मुद्दा दायर गर्न पाइने छैन।

(२) यस ऐन अन्तर्गत नेपाल राष्ट्र बैंकले ऋणपत्रको भुक्तानी दिएकोमा कुनै अदालतमा श्री ५ को सरकार वा नेपाल राष्ट्र बैंकको विरुद्ध मुद्दा दायर गर्न पाइने छैन।

१२. उजूर लाग्ने र इन्कार नगरिनेः– (१) यस ऐनको अन्य दफाहरूमा जेसुकै लेखिए पनि ऋणपत्रमा हक भएको कुनै व्यक्तिले सो ऋणपत्रको भुक्तानी लिएको वा लिने भएको वा धनी मनोनयन भएको कुनै व्यक्ति उपर आफ्नो हक कायम गराउनका लागि प्रचलित नेपाल कानून बमोजिम अदालतमा नालेश उजूर गर्न सक्नेछ।

(२) अदालतले मनाहीको आदेश गरेमा बाहेक धनीलाई निजले पाउने ऋणपत्रमा तोकिए बमोजिमको सांवा व्याज भुक्तानी दिन कुनै कारणबाट इन्कार गरिने छैन।

तर– दफा १० अन्तर्गत मनोनीत संरक्षक धनीलाई दिने हकमा ऋणपत्र वापत धनीले पाउने रकममध्ये नेपाल राष्ट्र बैंकले मनासिब ठहराएको आंशिक रकम पटक पटक गरी दिन सक्नेछ।

१३. दण्ड सजायः– (१) कुनै व्यक्तिले कुनै ऋणपत्रमा आफ्नो वा अरू कसैको नभएको हक कायम गराउने नियतले यो ऐन अन्तर्गत नेपाल राष्ट्र बैंकका अफिसर वा अरू कुनै सरकारी अफिसर समक्ष जानी जानी झुट्ठा कुरा पेश गरेमा निजलाई अदालतका आदेशले बढीमा सो ऋणपत्रमा तोकिएको सांवा व्याज बमोजिमसम्म जरिवाना अथवा ६ महीनासम्म कैद अथवा दुबै सजाय हुन सक्नेछ।

(२) उपदफा (१) अन्तर्गत सजाय हुने कसूरको अभियोगमा नेपाल राष्ट्र बैंक बाहेक अरू कसैको उजूर अदालतमा लाग्ने छैन।

१४. लिखतहरूको निरीक्षणः–तोकिएको अवस्था शर्त र तरीका बमोजिम बाहेक कसैलाई पनि ऋणपत्र सम्बन्धी नेपाल राष्ट्र बैंक वा सरकारी अफिसमा रहेको खाता कागजातहरू हेर्न दिइने छैन।

१५. कर छुट दिने अधिकारः– यो ऐनको उद्देश्यको पूर्तिको लागि श्री ५ को सरकारले मनासिब देखेमा कुनै एक वा बढी प्रकारका ऋणपत्रबाट आउने व्याजको पूरा वा आंशिक अंकमा प्रचलित नेपाल कानून बमोजिम लाग्ने कर छुट दिन सक्नेछ।

१६. ऋणपत्रको प्रतिलिपि दिनेः– (१) स्टक वा प्रोमिसरी नोट वा ट्रेजरी बिलको सम्बन्धमा त्यसको धनीले सो ऋणपत्र हराएको, चोरिएको वा नष्ट भएको वा अरू सबै ऋणपत्रको

२०२०
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धमा त्यसको धनीले अक्षर मेटिई अस्पष्ट भएको वा च्यातिएको भनी प्रमाणसहित नेपाल राष्ट्र बैंकमा लिखित आवेदन गर्न आएमा र उक्त प्रमाणबाट नेपाल राष्ट्र बैंकलाई चित्त बुझेमा तोकिएको फीस लिई, तोकिएका शर्तहरू पूरा गर्न लगाई उक्त आवेदकलाई सो ऋणपत्रको प्रतिलिपि दिन सक्नेछ ।

(२) कुनै स्टक वा प्रोमिसरी नोटको धनीले आफ्नो साबिकको सो ऋणपत्रलाई अर्कै स्टक वा प्रोमिसरी नोटमा परिणत गर्ने, त्यस्तै ऋणपत्रहरूसित एकीकरण गर्ने वा विभिन्न हिस्साहरूमा विभक्त गर्ने वा नवीकरण गर्ने सुविधाका निमित्त नेपाल राष्ट्र बैंकमा आवेदन गरेमा तोकिएको फीस लिई तोकिएबमोजिम गरी त्यस ऋणपत्रको बदलामा आवेदकलाई नयां ऋणपत्र दिन सक्नेछ ।

१७. नियम बनाउने:– (१) यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नेपाल राष्ट्र बैंकको राय लिई नियमहरू बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी खासगरेर देहायका सबै वा कुनै विषयमा नियम बनाउन सकिनेछः–

(क) ऋणपत्र निष्काशित गर्ने तरीका बारे ।

(ख) ऋणपत्रको भुक्तानी अवधि शर्त सुविधा बारे ।

(ग) श्री ५ को सरकारले निष्काशित गर्ने विभिन्न ढांचा र तरीकाका ऋणपत्रहरूको नामसारी गर्ने तरीका बारे ।

(घ) ऋणपत्रको ब्याजको दर भुक्तानी दिने तरीका र ढांचा बारे ।

(ङ) ऋणपत्रको प्रतिलिपि दिने शर्त तथा फीस बारे ।

(च) दफा १६ को उपदफा (२) अन्तर्गत गर्ने कामको तरीका, शर्त तथा फीस बारे ।

(छ) ऋणपत्र सम्बन्धी कागजातहरू सनाखत गराउने बारे ।

(ज) लेख्न पढ्न नजान्ने ऋणपत्रका धनीको निमित्त ऋणपत्र संचालन गर्ने बारे ।

(झ) ऋणपत्र सबन्धी खाता, कागजात हेर्न दिने अवस्था, तरीका शर्त बारे ।

(ञ) ऋणपत्रको धनी मनोनीत गर्ने तरीका बारे ।

(ट) संरक्षक धनी मनोनित गर्ने बारे ।

(ठ) साधारणतः यस ऐन अन्तर्गत गर्नु पर्ने काम सुचारुरूपले चलाउनको निमित्त गर्नु पर्ने काम बारे ।

लालमोहर सदर मिति २०१७।८।२६।४

आज्ञाले–

कृष्णप्रसाद उपाध्याय,

श्री ५ को सरकारका सचिव

कानून न्याय तथा संसदीय प्रवन्ध मन्त्रालय ।

629

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय प्रवन्ध मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवका शासनकालको छैठौं वर्षमा संसदले-बनाएको तल लेखिएबमोजिमको ऐन, सर्वसाधारणको जानकाको लागिप्रकाशित गरिएको छ।

## २०१७ सालको ऐन नं. २२

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपालतारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐरामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु, महाधिपति फिल्ड-मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जंगबहादुर शाहबहादुर शमशेर जंग देवानाम् सदा समरविजयिनाम्।

## राष्ट्र ऋणउठाउने अधिकारको व्यवस्थाको निमित्त बनेको ऐन

प्रस्तावनाः- नेपाल अधिराज्यको संविधानको धारा ४४ को उपधारा (३) मा ऐनले दिएको अधिकारले बाहेक संचित कोष वा अन्य सरकारी कोषधितो राखी कुनै ऋण लिन नहुने गरी व्यवस्था गरिएको,

र आर्थिक वर्ष २०१७।१८ को निमित्तको श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावहरू-लाई कार्यान्वित गर्न संचित कोष वा अन्य सरकारी कोष धितो राखी श्री ५ को सरकारले राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवका शासनकालको छैठौं वर्षमा संसदले यो ऐन बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो ऐनको नाम राष्ट्र ऋण उठाउने ऐन, २०१७ रहेको छ।

(२) यो एन तुरुन्त प्रारम्भ हुनेछ।

२. राष्ट्र ऋण उठाउने अधिकारः– (१) आर्थिक वर्ष २०१७।१८ को निमित्तको श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावहरूलाई कार्यान्वित गर्न श्री ५ को सरकारले नेपाली रुपैयां दुइ करोडमा नबढ्ने गरी जम्मा त्यतिसम्म रकमको राष्ट्र ऋण उठाउन सक्नेछ।

(२) उपदफा (१) अन्तर्गत लिइएको राष्ट्र ऋणको साँवा र व्याज वापतको रकम संचित कोष वा अन्य सरकारी कोष प्रति व्ययभार हुनेछ।

(३) उपदफा (१) अन्तर्गत उठाइएको राष्ट्र ऋणको साँवा र व्याज भुक्तान गर्ने अवधि र सो ऋणको व्याजको दर राष्ट्र ऋण ऐन, २०१७ बमोजिम हुनेछ।

लालमोहर सदर मिति २०१७।८।२६।४

आज्ञाले,
कृष्णप्रसाद उपाध्याय
श्री ५ को सरकारको सचिव,
कानून, न्याय तथा ससदीय प्रवन्ध मन्त्रालय।

गोरखापत्र छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।